# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १४ प्रकाशन मितिः २०७६/१०/१६


# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/२५

प्रमाणिकरण मितिः २०७६/१०/१५

**प्रस्तावना** :

बालबालिकाको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी बालमैत्री गाउँपालिकाको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गर्न वान्छनीय भएकोले,

संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि, १९८९, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, प्रदेश नं. ५ को बालबालिका सम्बन्धी ऐन, २०७६ र बालबालिका सम्बन्धी विद्यमान

कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको विषयहरुलाई कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम *"बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०७६"* रहेको छ ।

ख) यो कार्यविधि त्रिवेणी गाउँ कार्यपालिकाले स्वीकृत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणिकरण गरे पश्चात तत्काल लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ग) "कार्यविधि" भन्नाले त्रिवेणी गाउँपालिकाद्वारा जारी गरिएको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०७६ सम्झनु पर्छ ।

घ) "बालबालिका सम्बन्धी ऐन" भन्नाले नेपालको संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

ङ) "प्रदेश नं. ५ को बालबालिका सम्बन्धी ऐन, २०७६" भन्नाले नेपालको ५ नं. प्रदेशको प्रदेश सरकारले जारी गरेको प्रदेश नं. ५ को बालबालिका सम्बन्धी ऐन, २०७६ लाई सम्झनु पर्छ ।

च) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

छ) "बालबालिका इकाई" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयमा रहेको महिला, बालबालिका र समाज कल्याण इकाई र सातवटै वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने इकाई/डेस्कलाई समेत सम्झनु पर्छ ।

ज) "सम्पर्क व्यक्ति" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका इकाई/डेस्कमा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

झ) "स्थानीय/वडा बाल अधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० (२) र प्रदेश नं. ५ को बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४४ बमोजिम बालबालिकाको अधिकारहरुको संरक्षण, सम्मान र परिपूर्ति गर्न गाउँपालिका र वडा स्तरमा दफा (५) र (६) बमोजिम गठन गरेका समितिहरुलाई सम्झनु पर्दछ ।

ञ) "बालमैत्री गाउँ शासन समिति" भन्नाले बालमैत्री गाउँ शासन कार्यान्वयन कार्यविधि, २०६८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा गाउँ कानुन बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

ट) "बालक्लव" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाद्वारा जारी गरेको बालक्लव गठन तथा सहजिकरण निर्देशिका, २०७५ बमोजिम गठन भई क्रियाशिल रहेका बालक्लवहरुलाई सम्झनु पर्दछ ।

ठ) "बालक्लव सञ्जाल" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाद्वारा जारी गरेको बालक्लव गठन तथा सहजिकरण निर्देशिका, २०७५ बमोजिम गठन भई क्रियाशिल रहेका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

ड) "संरक्षक" भन्नाले अभिभावक विहिन बालबालिकालाई अभिवावकत्व प्रदान गर्न यस कार्यविधि अनुरुप नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ढ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई गाउँ तहसँग समन्वय गरी कार्य गर्ने नाफा रहित सामाजिक संस्थालाई सम्झनु पर्छ ।

ण) "बाल कोष" भन्नाले त्रिवेणी गाउँपालिकाको बालबालिका कोष सञ्चालन कार्यविधि, २०७४ अनुरुप स्थापना गरी कार्यान्वयनमा रहेको बालबालिका कोषलाई सम्झनु पर्दछ ।

त) "प्रमाणपत्र" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाद्वारा जारी गरेको बालक्लव गठन तथा सहजिकरण निर्देशिका, २०७५ बमोजिम सूचिकृत भएका बालक्लव/सञ्जालहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ ।

थ) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ ।

द) "सभा" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

ध) "कार्यपालिका" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

न) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्दछ ।

प) "आवासीय बालगृह" भन्नाले वैकल्पिक स्याहारका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको बालगृह सम्झनु पर्छ ।

फ) "कसुरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्दछ ।

३. **उद्देश्य :** यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ -

क) त्रिवेणी गाउँपालिकाका बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि मार्गनिर्देश गर्ने ।

ख) त्रिवेणी गाउँपालिकामा बाल संरक्षणका संरचनाहरुको सवलीकरण गर्ने ।

ग) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

घ) जोखिममा रहेका बालबालिकाको पहिचान, अभिलेखिकरण र उनीहरुको सहयोगको लागि घटना व्यवस्थापन गर्ने ।

ङ) त्रिवेणी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आधार तयार गर्ने ।

४. **बालबालिकाको अधिकार संरक्षणात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु :** बालबालिकाको अधिकारलाई स्थापित गर्न तथा विद्यमान नीति तथा कानूनलाई प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ -

क) जन्मदर्ता नभएका बालबालिकाको घरपरिवार पहिचान र उनीहरुलाई समयमा जन्मदर्ताको लागि प्रोत्साहन ।

ख) बालविवाह र बालश्रम न्यूनिकरणका लागि सचेतनाका साथै उद्धारको कार्यक्रम सञ्चालन ।

ग) धार्मिक तथा सार्वजनिक स्थलहरुमा बालविवाह निषेध तथा रोकथामका लागि धामी, झाँक्री, पुरोहित, पण्डित, पादरी आदीलाई तालिम, घटनाको पहिचान र पैरवी अभियान सञ्चालन ।

घ) बालविवाह र बालश्रमबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना, मनोविमर्श र जीविकोपार्जनका लागि आयमूलक कार्यक्रम सञ्चालन ।

ङ) शोषण, हिंसा, दुर्व्यवहार र बेवास्तामा परेका बालबालिकाको तथ्यांक संकलन, अद्यावधिक तथा सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस ।

च) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने प्रचलन अन्त्य गर्नका लागि अभियान सञ्चालन ।

छ) गाउँपालिका भित्र व्यवसाय दर्ता र नविकरण तथा आयोजना सम्झौताको क्रममा उक्त व्यवसाय तथा आयोजनामा बालश्रम नभएको सुनिश्चित गरिने व्यवस्था ।

ज) विशेष संरक्षणको आवश्यक भएका बालबालिकाको अल्पकालिन तथा दीर्घकालिन पुनःस्थापनाको लागि बालगृहको स्थापना तथा सञ्चालन ।

झ) समुदायमा आधारित बाल संरक्षण प्रणालीको स्थापना, सवलीकरण तथा परिचालन कार्यक्रम ।

ञ) बालबालिकालाई दुर्व्यसनीबाट संरक्षण सम्बन्धी अभियान र यसबाट पिडित बालबालिकाको परामर्श, उपचार तथा पुनःस्थापना कार्यक्रम ।

ट) बिज्याई गरेका बालबालिकाको संरक्षण, परामर्श, पुनःस्थापना, बालमैत्री न्यायिक निरुपणका लागि बाल न्याय प्रणालीको सुदृढिकरण कार्यक्रम ।

ठ) घर, परिवार, विद्यालय र समुदायमा बालबालिका माथि हुने सबै प्रकारका दण्ड सजाय उन्मुलनका लागि कार्यक्रम सञ्चालन ।

ड) बालमैत्री विद्यालय अभियान सञ्चालन ।

(ढ) साइबर क्राइम र आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान ।

ण) अपाङ्गता भएका बालबालिकाहरुको पहिचान र सहयोग (परिचयपत्र वितरण, शिक्षा, तालिम आदी)।

त) बालक्लव तथा बालक्लव सञ्जालको गठन, सवलीकरण र परिचालन।

थ) बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बालकोषको स्थापना र परिचालन।

द) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाको पहिचान तथा नियमन।

ध) गाउँ तथा वडा तहको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित।

न) वार्षिक रुपमा बालबालिकाको स्थितिपत्र प्रकाशन।

प) बालबालिका सम्बन्धी नीति, कार्यक्रम तथा बजेटको विश्लेषण।

फ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा।

ब) बालअधिकार हनन्का घटना अनुगमन तथा अभिलेखिकरण।

भ) विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना तथा परिचालन।

म) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य।

**५. स्थानीय बालअधिकार समिति सम्बन्धी व्यवस्था :**

क) गाउँपालिकास्तरमा बालबालिकाको अधिकारको संरक्षण र संवर्द्धन गर्न देहाय बमोजिमको १५ सदस्यीय एक स्थानीय बालअधिकार समिति रहनेछ -

| | |
|---|---|
| (१) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| (२) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (३) गाउँपालिकाको शिक्षा, यूवा तथा खेलुकद शाखा प्रमुख | - सदस्य |
| (४) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| (५) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (६) गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी चौकीको प्रमुख | - सदस्य |
| (७) गाउँपालिकास्तरीय शिक्षक महासंघको प्रतिनिधि १ जना | - सदस्य |
| (८) बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको प्रतिनिधि २ जना | - सदस्य |
| (९) गाउँपालिका स्तरीय बाल सञ्जालबाट २ जना (१ बालक, १ बालिका) | - सदस्य |
| (१०) पत्रकार महासंघको प्रतिनिधि वा स्थानीय पत्रकार १ जना | - सदस्य |
| (११) गाउँपालिकास्तरमा कार्यरत महिला अधिकारकर्मी १ जना | - सदस्य |
| (१२) अपाङ्गतासँग सम्बन्धित संघसंस्थाहरुको प्रतिनिधि १ जना | - सदस्य |
| (१३) गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुख | - सदस्य सचिव |

ख) स्थानीय बालअधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार एक पटकमा बढीमा ३ जना व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

ग) स्थानीय बालअधिकार समितिको सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनःनियुक्तिको लागि ग्राह्य हुनेछन् ।

घ) स्थानीय बालअधिकार समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार विषयगत समिति वा उप-समिति समेत गठन गरी कार्य गर्न सक्नेछ ।

ङ) स्थानीय बालअधिकार समितिलाई आवश्यक पर्ने कर्मचारी गाउँपालिकाले उपलब्ध गराउनेछ ।

६. **स्थानीय बालअधिकार समितिको बैठक :**

क) स्थानीय बालअधिकार समितिको बैठक कस्तीमा दुई महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) स्थानीय बालअधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) स्थानीय बालअधिकार समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) स्थानीय बालअधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

७. **स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार :** बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक अध्यावधिक गर्ने ।

ख) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा पालिकास्तरीय बालभेला सहित बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

ग) वार्षिक रुपमा बालबालिकाको तथ्यांक अध्यावधिक गरी स्थितिपत्र प्रकाशन गर्ने ।

घ) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरुको विश्लेषण गरी आवश्यकता अनुसार कानुनको तर्जुमा तथा कार्यक्रमका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

ङ) बाल अधिकार हनन्का घटनाहरुलाई छलफल गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने ।

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र निकायहरुको नक्सांकन, सेवामापन र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

छ बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारिस गर्ने,

ढ) सहयोगी निकायहरुको समन्वय तथा सहकार्यमा जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गर्ने ।

ण) बालअधिकारका हनन् तथा उल्लंघनका घटनाहरुको अनुगमन गर्ने र दोषीलाई आवश्यक कानुनी कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ट) गाउँपालिका स्तरीय बालक्लब सञ्जाललाई सूचीकृत, क्षमता विकास र परिचालन गर्ने ।

ठ) गाउँपालिकाका सबै वडा बाल अधिकार समितिहरुको सहभागितामा अर्धवार्षिक कार्यप्रगति समीक्षा कार्यक्रम सञ्चालन तथा कार्ययोजना तर्जूमा गर्ने ।

ड) बालबालिकाहरुको सवालका विषयमा नियमित अनुगमन गर्ने ।

ढ) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।

## ८. वडा बालअधिकार समिति सम्बन्धी व्यवस्था :

क) वडा तहमा बालबालिकाको अधिकारको संरक्षण र संवर्द्धन गर्न भौगोलिक तथा लैंगिक समावेशीताका आधारमा देहाय बमोजिमको ९ सदस्यीय एक वडा बालअधिकार समिति रहनेछ -

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

(२) दलित महिला वडा सदस्य - सदस्य

(३) वडा स्थित स्वास्थ्य चौकी प्रमुख/प्रतिनिधि - सदस्य

(४) वडामा रहेको माध्यमिक विद्यालयको प्रधानाध्यापक - सदस्य

(५) बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था प्रतिनिधि - सदस्य

(६) वडास्तरीय बाल सञ्जालबाट २ जना (१ बालक, १ बालिका) - सदस्य

(७) सम्बन्धित वडाको प्रहरी चौकी प्रमुख/प्रतिनिधि - सदस्य

(८) वडा सचिव - सदस्य सचिव

**स्पष्टिकरणः** सम्बन्धित वडाको वडा अध्यक्षले दलित महिला सदस्यलाई वडा बाल अधिकार समितिको संयोजक तोकेमा खुला महिला सदस्य स्वतः वडा बाल अधिकार समितिको सदस्य हुनेछ ।

ख) वडा बालअधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार एक पटकमा बढीमा ३ व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

ग) वडा बालअधिकार समितिको सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनःनियुक्तिको लागि ग्राह्य हुनेछन् ।

घ) वडा बालअधिकार समितिको प्रशासनिक कार्य समितिको सदस्य सचिवले गर्नेछ ।

**९. वडा बाल अधिकार समितिको बैठक :**

क) वडा बालअधिकार समितिको नियमित बैठक कम्तीमा मासिक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ

घ) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

**१०. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार :** वडा स्तरमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) जोखिममा रहेका बालबालिकाको तथ्यांक अध्यावधिक गरी आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ख) वडा स्तरीय बालभेला सहित बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

ग) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरुको विश्लेषण गरी आवश्यकता अनुसार कानुनको तर्जुमा तथा कार्यक्रमका लागि वडा कार्यालयलाई सिफारिस गर्ने ।

ङ) बाल अधिकार हनन्का घटनाहरुलाई छलफल गरी आवश्यकतानुसार सम्बन्धित निकायमा सिफारिस गर्ने ।

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र निकायहरुको नक्सांकन, सेवामापन, र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

छ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारिस गर्ने ।

ज) सहयोगी निकायहरुको समन्वय तथा सहकार्यमा जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्ने ।

झ) बालक्लब तथा वडा बालक्लब सञ्जालको गठन, सहजीकरण, सुचिकृत, क्षमता विकास र परिचालन गर्ने ।

ञ) स्थानीय बाल अधिकार समिति तथा वडा तहमा बालबालिकासँग सरोकार राख्ने निकायहरुसँग प्रभावकारी र नतिजामूखी समन्वय र सहकार्य गर्ने ।

ट) स्थानीय बाल अधिकार समितिमा त्रैमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

ठ) वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

ट) बालबालिका सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने ।

**११) बालबालिका इकाई/डेस्कको स्थापना :** गाउँ कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा बालबालिका इकाई/डेस्कको स्थापना गरिनेछ । बालबालिका इकाई/डेस्कको सचिवालय प्रमुखको रुपमा स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिको सदस्य सचिव रहनेछ ।

**१२) बालक्लव र बाल क्लव सञ्जालको गठन, परिचालन र दर्ता :** बालक्लवहरुको गठन, क्षमता विकास र परिचालन बालक्लव गठन तथा सहजीकरण निर्देशिका २०७५ बमोजिम हुनेछ ।

**१३) बाल कोष :** विशेष संरक्षणको आवश्कता भएका बालबालिकाहरुको आकस्मिक सहयोगको लागि बालबालिका कोष सञ्चालन कार्यविधि, २०७४ बमोजिम बालकोषको स्थापना भई कार्यन्वयन हुनेछ ।

**१४) बाल कल्याण अधिकारी :** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० मा भएको व्यवस्था अनुरुप गाउँपालिकाले बाल कल्याण अधिकारी नियुक्त गर्नेछ । बाल संरक्षण अधिकारी नियुक्त नभएसम्मका लागि महिला, बालबालिका र समाज कल्याण इकाई प्रमुखलाई सोको जिम्मेवारी हुनेछ ।

**१५) बाल कल्याण अधिकारीको काम, कतव्य र अधिकार देहाय बमोजिम रहनेछ :** संघीय र प्रादेशिक कानुनमा उल्लेखित जिम्मेवारी सहित बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

क) स्थानीय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वय गर्ने गराउने ।

ख) गाउँ सरकारबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

ग) स्वीकृत संघीय, प्रादेशिक र गाउँ नीति र योजना अनुरुप वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न गाउँ तहलाई सहयोग गर्ने ।

घ) बालबालिका तथा बाल अधिकार सम्बन्धी समग्र गाउँपालिकाको तथ्यांक संकलन तथा प्रशोधन गरी गराई बालबालिका सम्बन्धी गाउँपालिकाको वार्षिक स्थिति प्रतिवेदन तयार गरी गाउँ बाल अधिकार समितिको स्वीकृतिले प्रकाशन गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त

भएको तीन महिनाभित्र यसको एक एक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद् समक्ष पेश गर्ने ।

ङ) गाउँ तहमा नियुक्त तथा तोकिएका समाजसेवी तथा बाल मनोविज्ञलाई परिचालन गर्ने ।

च) वडा तहमा बालबालिकाहरु तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

छ) आन्तरिक धर्मपुत्र धर्मपुत्री लिनेदिने व्यक्तिलाई गाउँ बाल अधिकार समितिमा सूचिकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने ।

ज) आन्तरिक धर्मपुत्र धुर्मपुत्री, संरक्षक र माथवर नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

झ) गाउँ तहभित्र सञ्चालनमा रहेका बालगृह, बाल सुधारगृह, पुनःस्थापना केन्द्र, अस्थायी संरक्षण सेवाकेन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने र बन्द गर्न आवश्यक भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ञ) बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी गाउँ तहको दीर्घकालिन नीति र योजना तर्जुमा गरी गाउँ बाल अधिकार समितिको बैठकमा पेश गर्ने ।

ट) समितिसँग सम्बन्धित मुद्दामामिलाको सन्दर्भमा अदालत तथा न्यायिक समिति वा निकायलाई जवाफ वा प्रतिउत्तर दिर्ने ।

ठ) बालबालिकाको सर्वोतम हितका निम्ति नेपाल प्रचलित कानून, बालसंरक्षण नीति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय, सहयोग, सहजीकरण तथा सहकार्य गर्ने ।

ड) कार्यसम्पादन सम्झौता बमोजिम कार्य प्रगति प्रत्येक छ-छ महिनाको अवधिमा गाउँपालिकाको कार्यपालिका समक्ष पेश गर्ने ।

ढ) गाउँ बाल अधिकार समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**१६) अनुगमन तथा निरीक्षण :** स्थानीय बाल अधिकार समितिले बाल अधिकारको प्रचलन गराउन तथा बाल संरक्षणका लागि आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गर्न समिति आफै वा अनुगमनको लागी टोली खटाई कम्तीमा हरेक तीन महिनामा एक पटक अनिवार्य हुने गरी अनुगन कार्य गर्नेछ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिवेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कारबाहीका लागि सरोकारवाला निकाय समक्ष सिफारिस गरिनेछ ।

**१७) बालबालिकाको उद्धार तथा पुनःस्थापना सम्बन्धी कार्य :**

क) कुनै पनि बालबालिकाका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्वोतम हितलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनःस्थापनाको कार्य गरिनेछ । साथै घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गर्दै बालबालिकाको पुनःस्थापना कार्य बालअधिकार समतिले गर्नेछ ।

ख) बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारीसे बालबालिका फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्ता बालबालिकाको सम्बन्धमा यथासम्भव तीनपुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्हसहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्ता बालबालिकालाई संरक्षणका लागि नजिकको बालकल्याण गृहमा जिम्मा लगाउनेछ ।

ग) बेवारिसे बालबालिकाको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बालकल्याण गृह प्रमुखले त्यस्तो बालकको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन् ।

**१८) सजाय :** संस्था, व्यक्ति वा निकायले बाल अधिकारको हनन् वा उल्लङ्घन गरेमा तथा संरक्षक र परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा कानुनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

**१९) प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालअधिकारको संरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्ल्व, सञ्जाल तथा संघसंस्थालाई गाउँपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२०) सिफारिस संलग्न गर्नुपर्ने :** बालबालिकासँग सरोकार राख्ने कुनै पनि व्यक्ति वा निकायले बालबालिकाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउनुपुर्व सो सहयोग उपलब्ध गराउनको लागि गाउँ बाल अधिकार समिति/वडा बाल अधिकार समितिको सिफारिस अनिवार्य प्राप्त गरेको हुनुपर्नेछ ।

**२१) कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा उत्पन्न हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार त्रिवेणी गाउँ कार्यपालिकालाई हुनेछ ।

**२२) यसै बमोजिम हुने :** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३) **संशोधन तथा बचाउ :** यस कार्यविधिमा त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ । यस कार्यविधिमा उल्लेख भएका विषयहरु अन्य प्रचलित कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

निम बहादुर के. सी.

प्रमुख प्रशासकीय अधिकृत